२०७३/०२/०५ गते

निर्णयहरु:-

१. सबै कार्यालयहरुले आ-आफ्नो सवारी साधनहरु मर्मत संभार गरी चुस्त दुरुस्त अवस्थामा राख्ने र जिल्ला प्रशासन कार्यालयबाट माग भएको समयमा सवारी साधनहरु उपलब्ध गराई दिने ।

२. गणतन्त्र दिवस मनाउने सन्दर्भमा मिति २०७३/२/१४ गते हेटौंडा उपमहानगरपालिकाको नगर क्षेत्रमा नगर विशेष सरसफाई कार्यक्रम र साहित्य गोष्ठी, १५ गते गणतन्त्र दिवसका दिन विहान ७:७० बजे शहिद स्मारकमा प्रभात फेरी, मञ्चको कार्यक्रम र १६ गते बेलुका ६:३० बजे साँझ भुटनदेवी उ.मा.वि., मैदानमा दिप प्रज्वलन गरी मनाउने गणतन्त्र दिवस मुल समारोह, जिल्ला समितिको निर्णय भएको हुँदा सोही बमोजिम सबै कर्मचारीहरुको सहभागिता गर्ने, गराउने व्यवस्था सबै कार्यालयहरुले मिलाउने ।

३. यही मिति २०७३/२/२३, २४ र २५ गतेका दिन काँकडा गा.वि.स.मा सेवा प्रवाह गर्ने कार्यालयहरुले एकीकृत घुम्ती सेवा सचालनका लागि आवश्यक तयारी गरी स.प्र.जि.अ.लाई जानकारी गराउने ।

४. अफिसर्स क्लवलाई क्रियाशिल बनाउने विषयमा तदर्थ समितिले गरेको बैठकको निर्णय (मिति २०७३/१/१६) अनुसार अफिसर्स क्लबको मर्मत खर्च अनुमानित इष्टिमेट लागत बमोजिम रु.२,१९,२६०।७६ (दुई लाख उन्नाईस हजार दुई सय साठी रुपैयाँ पैसा छयात्तर) लाग्ने जानकारी भयो र सो इष्टिमेट विवरण जिल्ला विकास समितिको कार्यालयमा कार्यार्थ पठाउने ।

५. कार्यालयका सूचना अधिकारीहरुलाई श्रोत साधन र सूचना सम्पन्न बनाउने ।
- सम्वन्धित कार्यालयहरुका फाँटहरुले सूचना अधिकारीहरुलाई सूचना उपलब्ध गराउने व्यवस्था मिलाउने ।
- कार्यालयको अभिलेख (फाईलिङ्ग र कम्प्युटरीकृत गरी) चुस्त दुरुस्त बनाउने ।

६. सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) ऐन, २०६८ को कार्यान्वयनको लागि सबै कार्यालयहरुले आ-आफ्नो कार्यालय परिसरमा धुमपान निषेधको वोर्ड राख्ने र सुर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) ऐनको कार्यान्वयन गर्ने, गराउने ।

७. ई-रिक्सा संचालन सम्बन्धमा:- मिति २०७२/१२/२३ को निर्णयानुसार हेटौंडा उपमहानगरपालिका कार्यालयले तोकेको स्थानमा स्टिकर टाँसी संचालन गर्ने उल्लेख गरिएकोमा हेटौंडा उपमहानगरपालिकाले यातायात व्यवस्थापन कार्यालय, नारायणी (सवारी) वीरगंजवाट अनुमती लिई संचालन भई रहेका अन्य ई-रिक्सा संचालनका लागि हेटौंडा उपहानगरपालिकाले सम्वन्धित सरोकारवालाहरुसँग छलफल गरी उपयुक्त व्यवस्था मिलाउने ।

८. हेटौंडा उपहानगरपालिका कार्यालयले सरोकारवालासँग समन्वय गरी नगर क्षेत्रका ट्राफिक जाम हुने विभिन्न स्थानको पहिचान गरी पार्किङ्ग व्यवस्थापन सम्वन्धी आवश्यक कार्य गर्ने ।

९. श्री गृह मन्त्रालय (क.प्र.शाखा) को च.न.१९३६, मिति २०७३/१/१५ को कर्मचारी हाँजिरी उपलब्ध गराउने सम्वन्धमा विषयक पत्रको व्यहोरा तथा सो पत्रसाथ संलग्न ढाँचाको बारेमा बैठकमा जानकारी एवं छलफल गराई आ-आफ्ना कार्यालयबाट अघिल्लो महिनाको विवरण प्रत्येक महिनाको ३ गतेभित्र मासिक रुपमा जिल्ला प्रशासन कार्यालयमा पठाउने व्यवस्था गर्ने, गराउने ।

१०. श्री क्षेत्रीय प्रशासन कार्यालय, म.वि.क्षे.,हेटौंडाको च.नं.१२११, मिति २०७३/०१/२० को सि.सि.टि.भी.क्यामेरा राख्ने सम्वन्धमा विषयक पत्रको व्यहोरा बैठकमा जानकारी एवं छलफल गरी सार्वजनिक सेवा प्रवाहसँग सम्वद्ध सबै सरकारी कार्यालयहरुले सि.सि.टि.भी.क्यामेरा राख्ने व्यवस्था गर्ने गराउने र सोको जानकारी यस कार्यालयमा यथाशिघ्र पठाउने व्यवस्था मिलाउने ।